# कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कटारी,उदयपुर

प्रदेश नं. १ नेपाल

## कटारी नगरपालिका क्षेत्र भित्रको बिक्री शुल्क दस्तुर उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**सूचना प्रकाशित मिति : २०७६।०८।०९**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) को खण्ड घ (६) अनुसार यस नगरपालिकाबाट आ.व.२०७६/०७७ को सम्झौता भएको मिति देखि २०७७ आषाढ मसान्त सम्मको लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तोकीएको दररेटमा स्वीकृत प्रारम्भीक वातावरणीय परीक्षण प्रतिबेदन (IEE) मा निर्धारित परिमाणमा उत्पादन गरिएका रोडा,ढुंगा,बालुवा,ग्राबेल र माटो आदी बिक्री तथा निकासी शुल्क दस्तुर संकलनको ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरु बाट तोकीएको न्युनतम अंकमा नघट्ने गरी शिलबन्दी बोलपत्र खरिद गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य (मू.अ.क बाहेक) | धरौटी वापतको रकम रु | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ०२-२०७६/२०७७ | तावा खोला बैजनाथ दोभान वडा नं. ०७ ,तावा खोला साँगुरी दोभान वडा नं. ६ ,तावा डङडङ्गे खहरे वडा नं. ५ ,कटारी पश्चिम वडा नं. ४ ,तावा खोला कटारी पश्चिम वडा नं. ०४ ,ककरु खोला उदयश्री बहुमुखी कलेज पश्चिम वडा नं. ०४ ,बैजनाथ खोला सोमवारे चोक देखि १ कि.मी पूर्व पश्चिम वडा नं. ०६ र रातु खहरे शोक्ला ५०० मिटर पूर्व वडा नं. ५ , तावा खोला बरमझिया स्पोट १ वडा नं.५ ,तावा खोला बरमझिया स्पोट २ वडा नं. ५ ,तावाखोला कपुर दह देखि माझी गाउँ डर स्पोर्ट १ वडा नं. ०७ , तावाखोला कपुरदह देखि माझी गाउँ डगर स्पोट २ वडा नं. ०७ ,तावाखोला कपुरदर देखि माझीगाउँ डगर स्पोट ३ वाड नं. ०७ , तावाखोला कपुरदह देखि माझी गाउँ डगर स्पोट ४ वडा नं. ०७ , बैजनाथ खोला रातु खहरे पश्चिम बैजनाथ खोला वाड नं. ०६ | **रु १,२४,१७,३८८।७०** **(एक करोड चौवस लाख सत्र हजार तीन सय अठासी रुपैंया सत्तरी पैसा )** | ६,२०,८७०/- | ३,०००/- | मु.अ.कर बाहेक |
| ०३-२०७६/२०७७ | तावाखोला सुगाजोर दोभान स्पोट १ वाड नं. ०३,तावा खोला हडैया तावा खोला सुगाजोर दोभान स्पोट २ वडा नं. ०३ , हडैया तावाखोला च्याङ्गा खहरे दोभान स्पोट १ वडा नं. ०३ हडैया च्याङ्ग खहरे दोभान स्पोट २ वडा नं ०३ ,तावाखोला देविधाप वडा नं. ०३, कमला खोला त्रिवेणी दोभान देखि उतरायणी वडा नं. १ र २ , वेलसोत खोला वेलसोत १ कि.मि. पूर्व वडा नं. ०१ | **१,२०,५३,९७७.८९** **(एक करोड बिस लाख त्रिपन्न हजार नौ सय सत्तहतर रुपैंया उनानब्बे पैसा)** | ६,०२,७००/- | ३,०००/- | मु.अ.कर बाहेक |

**शर्तहरु :**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्र दाताले मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व.२०७६/७७ सम्मको फर्म नविकरण, आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाणपत्र पेश गरि सूचना प्रकाशित भएको मितिले ३१ औं दिनसम्म कार्यालय समय भित्र यस नगरपालिकाको रा.बा. बैंक शाखा कटारीमा रहेको खाता नं. २०५०३०३००७१०२ मा रु. ३०००/- (अक्षरेपी रु. तीन हजार मात्र) जम्मा गरी PPMO को वेव साईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि ३१ औं दिनको १२:००बजेसम्म E-bidding गरी पेश गर्नुपर्ने छ ।

२. बोलपत्र फारम साथ धरौटी वापतको रकम यस कार्यालयको रा.बा. बैंक शाखा कटारीमा रहेको खाता नं. धरौटी खाता नं. २०५०३०३००७१०२ मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विडवड) पेश गर्नुपर्ने छ ।

३. वोलपत्र फाराम खरिद एंव दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनपछि कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिने छ ।

४. प्राप्त हुन आएका वोलपत्र दर्ता गर्ने म्याद सकिएको दिनको २ बजे प्रस्ताव दर्ताहरु वा निजका प्रतितनिधिहरुको रोहवरमा खोलिनेछ ।

५. नेपाल सरकारका प्रचलित कानुन बमोजिम लाग्ने आय कर, मूल्य अभिवृद्धिकर तथा अन्य शुल्कहरु प्रस्तावक स्वयमले तिर्नुपर्नेछ ।

६. ढुंङ्गा, वालुवा, माटोका आदिका कर तथा शूल्क संकलनका लागि निम्नानुसार दररेट निर्धारण गरिएको छ ।

| क्र.स. | विवरण | इकाई | दर (संकलन शुल्क) |
|---|---|---|---|
| १. | ढुंङ्गा,गिट्टी, स्लेट, माटो, ग्राभेल र रोडा घाटगद्यी एंव बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक ) | क्युफिट | ४ |
| २. | वालुवा | क्युफिट | ३ |

७. बोलपत्र दाताले BOQ मा आफुले कबुल गरेको रकम अंक र अक्षरमा केरमेट नगरिकन स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८. यस नागारपालिकामा रकम बुझाउँनु पर्ने बाँकी बक्यौता भएका फर्महरुको त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको बोलपत्र स्वीकृत गरिने छैन ।

९. स्वीकृत ठेक्का अंकलाई तीन किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ३५% दोस्रो किस्ता ३५ % र अन्तिम किस्ता ३० % गरी तीन किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ३५ % सम्झौता गर्न अगावै दाखिला गरी बाँकी ६५ % को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७७ जेष्ठ मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

१०. न्यूनतम ठेक्का रकम अनुमान/निर्धारण गर्दा नगर क्षेत्रभित्र हाल दर्ता प्रकृयामा रहेका खानी तथा उद्योगहरुको संभावित कारोबारहरुलाई समावेश गरिएको छैन । यस Bid Document मा उल्लेखित क्षेत्रको अलवा नयाँ क्षेत्र (खोला/नदी) पहिचान भई आएमा र नेपाल सरकारको निर्णय बमोजिम नेपाल सरकार/दातृनिकायद्धारा सञ्चालन हुने विकास आयोजनाहरुको लागि प्रयोग हुने निर्माण जन्य सामाग्रीको विक्रिको हकमा सम्बन्धीत आयोजना (स्वीकृत IEE को परिधि भित्र रहि) ले प्रयोग गरेका परिमाणको आधारमा नागरपालिकाले छुटै रुपमा ठेक्का वन्दोवस्त गर्नेछ ।

११. सूचना प्रकाशन गर्ने अवधि ३० दिनको हुने, मूल्याङ्कन अवधि ७ दिन, आसयको सुचना ३ दिन हुने हुँदा तंत् समयलाई लाग्ने समय एकिनगरि रकम प्रस्ताव गर्ने । वोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भए पश्चात निर्धारित समय भित्र कार्यालयमा सम्झौता गरिसक्नु पर्नेछ ।यस अवधिलाइ आधार बनाइ सम्झौता पुर्वको रकम दावी गर्न नपाइने ।

१२. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन।बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकमा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ ।यसरी ठेक्का तोडि बाँकी अवधिका लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेको भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१३. सेवा शुल्क कर उठाउने सम्पुर्ण दायित्व ठेकेदारको हुनेछ।त्यस सम्वन्धमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन, साथै प्रचलित कानुन बमोजिम तिर्नुपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वयंले बुझाउनुपर्नेछ ।

१४. परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदी का कारणले केहि दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावि गर्न पाइने छैन।कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार हुने छैन ।

१५. यस नगारपालिकाको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको फारमलाई मान्यता दिइने छैन ।

१६. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१७. यस सूचनामा उल्लेख भएका कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

१८. विषेश अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगारपालिकामा निहित रहनेछ । यस सम्बन्धमा थप जानकारी कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाट प्राप्त गर्न सकिने छ ।

१९. आ.व. ०७६/०७७ का लागि कर संकलन शुरु मिति सम्झौतामा उल्लेखित भए अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**